# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं फाल्गुन ८ गते २०१२ साल

### खाद्यमन्त्रालयको विज्ञप्ति

का।खा।द्र।१०५।२७०।०१२          २५-१०-०१२

काठमाडौं उपत्यका भित्रको खाद्यान्नको दोकानदारहरूले दर्खास्त दिई लाइसेन्स लिनेबारेमा यस मन्त्रालयबाट प्रकाशित भएको विज्ञप्ति सबैमा विदीत भएकै हो र सो लाइसेन्स लिने म्याद कार्तिक मसान्तसम्म भएकोमा सो म्याद भुक्तान भए पछि पनि लाइसेन्स लिन आउनेहरु भएबाट मार्ग महिना भरको म्याद थप दी लाइसेन्स वितरण भै आएको सो म्याद पनि व्यतित भैसकेको र दर्खास्तवाला-हरु सबैले लाइसेन्स लिई नसकेको भनी फूड कन्ट्रोलर अफिसबाट जाहेर हुन आएको हुँदा ०१२ साल फाल्गुन १५ गते सम्मको म्याद थप गरी यो विज्ञप्ति प्रकाशित गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
255
मुद्रण विभाग, सिंहदरबार

दर्खास्त परेको लाइसेन्स लिन चाहनेहरुले यस कन्ट्रोलर अफिस मार्फतबाट हाजिर भै ०१२ फाल्गुन ५ गते सम्ममा लाइसेन्स लिनै काम गर्नुहोला लाइसेन्स वेगर खाद्यान्नको दोकानदार हरुले खरिद बिक्री गर्न पाउने छैन सो गरेको ठहरे ऐन सवाल र नियमबमोजिम हुनेछ ।

आज्ञाले—
गोविन्दप्रसाद पन्त
सेक्रेटरी—खाद्यमन्त्रालय

गोरखापत्र छापाखानामा मुद्रित । मेनेजर प्रेमराज शर्मा.

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

300